## सम्पादकीय

# भवन प्रयोगमा ल्याउ

बेनीमा करोडौ खर्चेर निर्माण भएको जिल्ला नापी कार्यालयको भवन प्रयोग बिहिन बनेको छ । बाटोको निकास नहुँदा सुबिधासम्पन्न भवन निर्माण भएको तीन महिनासम्म प्रयोगमा आउन नसकेको हो । नापी बिभागले ठेक्का मार्फत बेनीको मंगलाघाटमा २०७७ मंसिरमा साढे तीन तले पक्कि भवन निर्माण गरेको थियो । मासिक रू. ४० हजार खर्चेर भाडाको घरबाट कार्यालय सञ्चालन गरिरहेको नापी कार्यालयको रू. दुई करोड ४० लाखमा निर्माण भएको भवन प्रयोगबिहिन बनेको हो । बि.स. २०७५ मा मसुद–बिएन–त्रिशक्ति जेभीसँग ठेक्का सम्झौता भएको भवन निर्माण योजनाको अन्तिम पटक थपिएको म्याद गत मंसिर मसान्तमा सकिएको छ ।

बेनी–मंगलाघाट सडक देखि नापी कार्यालयको भवनमा पुग्ने करिब बीस मिटर खोल्सा ढलान गरेर बनाइएको बाटोको बिचमा बिद्युतका पोल, खानेपानीका पाईप र तुइनको टावर छन् । मुल सडक देखि भवन सम्म पुग्ने बाटोको निकास र प्राबिधिक मूल्याङ्कन नहुँदा भवन बनाएको महिनौसम्म पनि हस्तान्तरण गर्न नपाएको निर्माण ब्यवसायीको भनाई छ । नापी कार्यालयसँगै कोष तथा लेखा नियन्त्रण र खानेपानी डिभिजनको कार्यालय भवन निर्माण भइरहेको छ । तत्कालीन सहरी बिकास तथा भवन कार्यालय बागलुङको प्राबिधिक सहयोगमा निर्माण सुरू भएको भवनको प्राबिधिक रेखदेख गर्ने जिम्मेवारी पुर्बाधार बिकास कार्यालय म्याग्दीलाई हस्तान्तरण भएको छ । बागलुङको कार्यालय खारेज भएको र बेनीको कार्यालयमा भवनसँग सम्बन्धित प्राबिधिक जनशक्ति नभएकाले नापजाँच र मूल्याङ्कन हुन नसकेको हो ।

संघ सरकार अन्तरगतको नापी कार्यालयको भवनलाई पूर्णाता दिन प्रदेश सरकारको कार्यालयका कर्मचारीले रूची देखाएका छैनन् । प्राबिधिक मूल्याङ्कन र बाटोको निकास दिएर भवन प्रयोगमा ल्याउन बिभाग र प्रशासन कार्यालय मार्फत पनि पहल गरेको जिल्ला नापी कार्यालय म्याग्दीले जनाएको छ । भवनको ठेक्का प्रक्रियाका बिषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा मुद्दा बिचाराधिन रहेकाले पनि जिम्मेवारी लिन प्राबिधिकले नचाहेका हुन् । भुई तलामा दुई वटा सभाहल, पहिलो तलामा पाँच वटा, दोसो तलामा छ वटा र तेस्रो तलामा आवास प्रयोजनका लागि ३ वटा कोठा बनाइएको छ ।

कार्यालय भवनसँगै चमेनागृह र सार्वजनिक शौचालय निर्माण भएको छ । बालमन्दिर चोकमा मासिक रू. ४० हजार तिरेर १० वटा कोठा भाडामा लिई नापी कार्यालय सञ्चालन गरिएको छ । बाटोलाई निकास र प्राबिधिक मूल्याङकन गरि नापी कार्यालयको नयाँ सुबिधासम्पन्न भवन प्रयोगमा ल्याउन सकेमा राज्यको खर्च बच्ने र नागरिकलाई सुबिधा पुग्ने थियो ।


## पाठक वर्गमा आग्रह

निष्पक्ष सूचना सम्प्रेषण गर्ने उद्देश्यका साथ रिखार राष्ट्रिय दैनिकको नियमित प्रकाशन भैरहेको छ । पत्रिकामा प्रकाशित सामाग्री तपाईंलाई कस्तो लाग्यो ? अझै के–कस्ता विषयबस्तुहरु समावेश गर्दा राम्रो होला ? तपाँईसंग कुनै किसिमका समाचारजन्य स्रोत र लेखरचना छन् ? कृपया, छन् भने हामीलाई पठाउन नभुल्नुहोला तपाईले पठाउनुभएको सुझाब, सल्लाह र स्रोतहरुलाई हामीले खुल्ला रुपले ग्रहण गर्नेछौँ तपाईसँग भएका सामाग्री निम्न ठेगानामा पठाउन सक्नुहुनेछ

**रिखार राष्ट्रिय दैनिक**

न्यूरोड, बेनीबजार म्याग्दी/फोन नं.०६९–५२१२४२

Email:- rikhar.daily2016@gmail.com


# Raghuganga Rural Municipality

## Office Of Rural Municipal Executive

## Mauwaphat Myagdi

# Invitation for Sealed Quotation

# Second Notice

Name of the Office: Raghuganga Rural Municipality
Address of the Office: Raghuganga Rural Municipality Myagdi Gandaki Province Nepal
Invitation for Sealed Quotation for the procurement of
Sealed Quotation No: RRM/MYAGDI/SIL/MS/02/077-78
Date of Publication :05-04-2021

The Raghuganga Rural Municipality invites sealed quotations from registered Suppliers for the MedicineTatha SaRjikal Materials Supply works Raghuganga Rural Municipality Mauwaphat Myagdi.

1.Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Raghuganga Rural Municipality,Myagdi Gandaki Province Nepal, 9857648610 raghugangagapa@gmail.com.
OR [may visit PPMO website www.bolpatra.gov.np.]

2.If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Raghuganga
Rural Municipality Raghuganga Rural MunicipalityMyagdi Gandaki Province Nepal and the officeRaghuganga Rural Municipality Raghuganga Rural Municipality Myagdi Gandaki Province
Nepalby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate,and upon payment of a non-refundable fee of NRs.1000.0 till 20-04-2021 12:00 during office hours.

3.Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GPi.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
i. Name of the Bank :Prabhu Bank Ltd. ii. Name of Office :Raghuganga Rural Municipality
iii. Office Code no : iv. Office Account No :1630110023000128
v. Rajaswa (revenue) Shirshak No :
4.Sealed bids must be submitted to the office Raghuganga Rural Municipality Raghuganga Rural Municipality
MyagdiGandaki Province Nepal by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 20-04-2021 12:00. Bids received after thisdeadline will be rejected.
5.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 20-04-2021 13:00 at the office of Raghuganga Rural Municipality Myagdi Gandaki Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50000.0 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit
Account No.[1630110023000058] at [Prabhu Bank Ltd. ,
Raghuganga Rural Municipality Mauwaphat Myagdi] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7.The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.